आज मिति २०७८ साल मंसिर १ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा १०७ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | [signature] |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | [signature] |
| ३ | श्री सुर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | [signature] |
| ४ | श्री ~~नबिन कुमार श्रेष्ठ~~ जगत बहादुर खड्का | का.वा. वडा अध्यक्ष वडा नं २ | [signature] |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | [signature] |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | रघुनाथ मिश्र |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | [signature] |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | [signature] |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | [signature] |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | [signature] |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | [signature] |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री लक्ष्मी पौंखरेल | नगर कार्यपालिका सदस्य | [signature] |
| १६ | श्री चन्द्रमा घिमिरे . | नगर कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | [signature] |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | [signature] |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

र उपस्थित

| सि. नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| | दिवाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

## नगर-कार्यपालिकाको मिति २०७८/०८/०१ गतेको १०७ औं बैठकका निर्णयहरु

निर्णय नं १

यस कार्यपालिकाको मिति २०७८ कार्तिक १३ गते बसेको १०६औं बैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो । सो बैठकमा १७ ओटा निर्णयहरु भएकामा सबै निर्णयहरु कार्यान्वयन भएको पाईयो ।

निर्णय नं. २

सु.न.पा वडा नं ३ स्थित दुराडाँडा प्रहरी चौकि व्यवस्थापनका लागि वडा नं ३,४,१० र ११ मा छुट्याईएको योजनाबाट बजेट कटौती गरि रु ४,००,००० ।( अक्षरुपि चार लाख मात्र) प्रतिवडा बाट विनियोजन गर्ने मिति २०७८/०५/१७ गतेको १०४ औं बैठकको निर्णय नं ४ अनुसार तपशिलको योजनाहरुबाट कटौती गरि सो प्रयोजनका लागि बजेट विनियोजन गर्ने र नगरपालिकाले व्यहोर्नुपर्ने नपुग रकम रु ४,००,०००(अक्षरुपि चार लाख मात्र) अन्य पूर्वाधार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

| सि.नं | योजना | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | महिला आय आर्जन कार्यक्रम रु १,००,०००। (अक्षरुपि एक लाख मात्र) | ३ | |
| २ | युवा उद्यम कार्यक्रम रु १,००,०००। (अक्षरुपि एक लाख मात्र) | | |
| ३ | प्रधानमन्त्री रोजगार कार्यक्रम रु १,००,०००। (अक्षरुपि एक लाख मात्र) | | |
| ४ | नया मोटर बाटो ट्र्याक निर्माण रु १,००,०००। (अक्षरुपि एक लाख मात्र) | | |
| ५ | मुढा बुझ्ने तालिम रु १,००,०००। (अक्षरुपि एक | ४ | |

| | | | |
|---|---|---|---|
| ६ | चिहानपाटा मुख्य सडकबाट जिम्मल गाँउ जाने बाटो ढलान रु १,००,०००। (अक्षरुपि एक लाख मात्र) | | |
| ७ | सँस्कृति सदन मा.वि शैक्षिक सुधार योजना रु १,००,०००। ( अक्षरुपि एक लाख मात्र) | | |
| ८ | दिर्घरोगीहरुलाई औषधि वितरण रु १,००,०००। (अक्षरुपि एक लाख मात्र) | | |
| ९ | ७० वर्ष माथिका जेष्ठ नागरिक सम्मान कार्यक्रम रु ३,००,०००। (अक्षरुपि तिन लाख मात्र) | १० | |
| १० | वडा कार्यालय कार्पेट तथा पर्दा खरिद रु १,००,०००। (अक्षरुपि एक लाख मात्र) | | |
| ११ | दुरा भाषा तथा संस्कृती संरक्षणबाट रु १,००,०००। ( अक्षरुपि एक लाख मात्र) | ११ | |
| १२ | महिला शसक्तीकरण कार्यक्रम रु ५०,०००। (अक्षरुपि पचास हजार मात्र) | | |
| १३ | सिन्दुरे जात्रा तथा चैते दसै मेला प्रवर्द्धन कार्यक्रम रु १,००,०००। (अक्षरुपि एक लाख मात्र) | | |
| १४ | टनेल निर्माण कार्यक्रम रु ५०,०००। (अक्षरुपि पचास हजार मात्र) | | |
| १५ | ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण कार्यक्रम रु १,००,०००। (अक्षरुपि एक लाख मात्र) | | |

निर्णय नं ३

सु.न.पा ७ निवासी सबिता भुजेल श्रेष्ठको दुर्घटना परि दाँया खुट्टा गुमेको कारण औषधि उपचारको लागि रु ५०,०००। (अक्षरुपि पचास हजार मात्र) आर्थिक सहायता स्वरुप प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ४

सु.न.पा ३ मा अबकाश प्राप्त कार्यालय सहयोगि श्री सुक बहादुर दमाईले मिति २०५१/०१/०१ देखि मिति २०७८/०४/०७ सम्म सेवा करारमा २८ वर्ष सम्म निरन्तर कार्यरत रहि कार्यालयलाई पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै रु १,००,०००। (अक्षरुपि एक लाख मात्र) प्रोत्साहन स्वरुप आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ५

जिल्ला पशु सेवा कार्यालयबाट पशुहरुमा पुर्ण खोप मुक्त नगरपालिका घोषणा गर्ने कार्यका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो । स्थानीय तहबाट सो कार्यक्रमको पुर्ण सफलताका लागि आवश्यक सहजीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं ६

सुन्दरबजार न.पा.का. आवधिक योजना निर्माणका लागि छनौट भएका परामर्शदाताको तर्फबाट आवधिक योजना निर्माण सम्बन्धमा नगरकार्यपालिकाको बैठकमा कार्यापालिका सदस्यहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।योजना निर्माण सम्बन्धमा ११ वटै वडामा स्थलगत अध्ययन गरी वडा स्तरीय भेला गराई यहि मिति २०७८।०८।०३ देखि २०७८।०८।१५ गते सम्ममा वडा स्तरीय तथ्याङ्क लिने र सो कार्यमा जनप्रतिनिधि,कर्मचारी,बुद्धिजिवी,सरोकारवाला सम्पूर्णले सहजीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं ७

गण्डकी प्रदेश सरकारको आ.व.०७८।०७९ को वार्षिक कार्यक्रम अन्तर्गत समपुरक अनुदान मार्फत संचालन हुने योजना “मातुभुमी क्याम्पस सुन्दरबजार

अस्पताल र मर्स्याङ्दी पर्यटन केन्द्र सडक खण्ड पिच तथा ढल निकास" को लागि नगरपालिकाले व्यहोर्नु पर्ने रकम बापत रु १७,००,०००(अक्षरुपि सत्र लाख रुपैयाँ मात्र) अन्य अनुदानबाट संचालीत योजनामा रकम थप शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ८

सु.न.पा ६ को ढकाल पँधेरो मर्मत योजनाको लागि रु ५०,०००।(अक्षरुपी पचास हजार मात्र) अन्य पूर्वाधार शिर्षकबाट थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

भागु कुन्छा खानेपानी तथा सरसफाई उपभोक्ता समितिले संचालन गरेको पाउदी खोला लिफ्टिङ खानेपानी आयोजनाले नेपाल विद्युत प्राधिकरणलाई तिर्नुपर्ने विद्युत महशुल बापतको रकम रु २,८०,०००।-(अक्षरेपी दुई लाख असी हजार मात्र) नेपाल विद्युत प्राधिकरण लमजुङको नाममा रहेको माछापुछ्रे बैक लि. शाखा कार्यालय बेसीशहरको खाता नं. १५२००१४५०३५०२९८३ मा आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

सुन्दरबजार नगरपालिकामा दरबन्दी मिलान गर्ने क्रममा गत बर्षहरुमानै मिलान गर्नको निम्ति नगरपालिकामा रिक्त हुन आएका दरबन्दीको विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाई यस नगरपालिकाबाट ११ शिक्षक दरबन्दी कट्टा भई सकेको अवस्था छ। आ.व. २०७८/०७९ मा यस नगरपालिकामा कार्यरत स्थायीहरु मध्ये १ जना अनिवार्य अवकास तथा १५ जना स्वेच्छिक राजिनामा दिई शिक्षा विकास तथा समन्वय इकाई, बेसीशहरबाट न.पा.मा पत्र प्राप्त भएको हुँदा निज १६ जन शिक्षकको दरबन्दी रिक्त हुन आएकाले दरबन्दी मिलानको लागि रिक्त दरबन्दी कट्टाका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर पठाउनको निम्ति शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो । र विवरण पठाए पश्चात नगरपालिकामा दरबन्दी रिक्त हुन आएको अवस्थामा दरबन्दी मिलान नभएसम्म क्रमश कट्टाको लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ११

सुन्दरबजार नगरपालिकामा दरबन्दी मिलान गर्ने प्रयोजनको लागि नगरपालिकामा रिक्त हुन आएका दरबन्दी विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर पठाइएको छ । दरबन्दी मिलानको क्रममा यस नगरपालिकमा कार्यरत शिक्षकहरु मध्ये १५ जना राहत र १० जना करार शिक्षक गरी जम्मा २५ जना शिक्षकको आवश्यक व्यवस्थापनका निम्ती शिक्षा तथा समन्वय

इकाई बेसीशहर, लमजुङमा शिक्षक विवरण पठाउनको लागि शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२

अखिल नेपाल किसान महासंघ, जिल्ला समिति चितवनलाई आर्थिक सहायता स्वरुप रु ३०,०००।-(अक्षरेपी तीस हजार मात्र) आर्थिक सहायता शिर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

२०७५।०८।०१